कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कोहलपुर,बाँके

नगर सभावाट पारित मिति :२०७७/०३/२१ गते

## नगर उपप्रमुख श्री सञ्जु कुमारी चौधरी ज्यूबाट प्रस्तुत

## आ.व. २०७७/०७८ को बजेट बक्तव्य

# नगर उप-प्रमुख श्री सञ्जु कुमारी चौधरीज्यू बाट सातौं नगरसभा प्रस्तुत
# कोहलपुर नगरपालिकाको बजेट बक्तव्य

मिति : २०७७ अषाढ १०

कोहलपुर नगरपालिकाको सातौं नगर सभाका आदरणिय सभाध्यक्ष ज्यू, यस सभामा उपस्थित नगर सभाका सम्पुर्ण सभासद् ज्युहरु म यहाँहरु सवैलाई हार्दिक अभिवादन गर्दै कोहलपुर नगरपालिकाको उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकको हैसियतले आगामी आ.व. २०७७/०७८ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आदरणीय सभाध्यक्ष ज्यू ,**

१. शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न र सबै खालका स्वतन्त्रताको आन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पुर्ण सहीदहरु प्रति म हार्दिक सद्धासुमन अर्पण गर्न चाहन्छु ।

२. स्थानीय निर्वाचन मार्फत हामीले कार्यभार सम्हालेको तिन वर्ष व्यतित भएको छ । यस अवधिमा हामीले कोहलपुरको शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक र पुर्वाधार लगायत समग्र कोहलपुरको विकासमा सकरात्मक कामहरुको थालनी गरी विकासको आधारशिला तयार गरेका छौं ।

३. **कोरोना भाइरस (कोभिड-१९)** बाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र बन्दाबन्दी बीच आज म स्थानीय सरकारको उप-प्रमुखको हैसियतमा आगामी आ.व.२०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गरी रहदा नगरवासीको जीवनरक्षा तथा मुलुकको आर्थिक, सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गम्भीर भएकी छु । यस महामारीको संकटलाई सामना गर्न सबै नगरवासीको साथ र सहयोगका लागि हार्दिक अनुरोध गर्न चहान्छु ।

४. चालु आ.व.मा हामीले पारित गरेका नीति तथा विकासका कामहरु कार्यान्वयनको दौरानमा रहेका वखत **कोरोना भाईरस (कोभिड-१९)** रोगको संक्रमण रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारले गरेको वन्दावन्दीका कारणबाट प्रत्यक्ष रुपमा प्रभावित भएका छन् । बन्दावन्दीको कारणवाट प्रभावित विपन्न, गरिव तथा मजदुर वर्गका लागि राहत सहयोग र भारत लगायत तेस्रो मुलुकबाट फर्किएका नगरवासीहरुको जिवन रक्षाका लागि **क्वारेन्टाईन तथा आईसोलेशन केन्द्रको** व्यवस्थापनका कार्यलाई उच्च प्राथमकिताका साथ सम्पादन गरिरहेका छौं । यस कार्यमा हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने स्वास्थ्य कर्मी, राजनितिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, सहकारीकर्मी, सामुदायिक संघसंस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरु, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, सम्पुर्ण जनप्रतिनिधिहरु र सम्पुर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चहान्छु ।

५. हालको विषम परिस्थितिमा हामीलाई प्राप्त भएको सिमित स्रोतलाई सन्तुलित र प्रभावकारी परिचालनका माध्यमबाट **समृद्धिको मार्गमा** प्रस्थान गर्नुपर्ने महत्वपूर्ण लक्ष्य हाम्रो सामु आएको छ । यस लक्ष्यलाई प्राप्त गर्न कोहलपुर नगरपालिकाको आ.व.२०७७/०७८ को अनुमानित आय-व्यय यस गरिमामय सातौं नगरसभामा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेकी छु ।

६. सामाजिक, भाषिक तथा सांस्कृतिक विविधताले भरिपुर्ण यस सुन्दर कोहलपुर नगरीलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिने उच्च सम्भावनायुक्त नगरको रुपमा विकास गरी नगरका जनताको **आर्थिक समृद्धिमा** सहयोग गर्ने कार्यभार हाम्रो सामु रहेको छ ।

७. तिब्र शहरीकरण तथा बसाईसराईको उच्च चाप भएको यस नगरपालिकामा यातायात, विद्युत खानेपानी, ढल निकास, संचार, स्वास्थ्य, शिक्षा लगायतका पुर्वाधारहरुको विकास योजनाबद्ध रुपमा गर्नु पर्ने टड्कारो आवश्यकता  रहेकोछ । वर्षौ देखि उपेक्षित उत्पीडित अवस्थामा रहेका दलित, महिला, तेस्रो लिंगि, आदिवासी जनजाति, थारु, मुस्लिम, मधेसी, मुक्त कमैया कम्लहरी लगायतका समुदायहरुको शसक्तिकरण र क्षमता विकासका कामहरुमा लगानी बढाउनु पर्ने अवस्था विद्यमान रहेको छ ।

८. **कोरोना भाईरस** (**कोभिड-१९)** को कारणले रोजगारीका अवसरहरु गुमाई भारत लगायत तेस्रो मुलुकवाट फर्किएका नागरिकहरुलाई तत्काल रोगारी सृजना गर्न कृषि तथा पशुपंक्षीको क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता देखिन्छ । अर्केतर्फ पर्यटन र बनमा आधारित घरेलु, साना तथा कुटीर उद्योगको विकासबाट रोजगारी एवं आयआर्जनका अवसरहरुको सृजना गर्न पनि उत्तिकै आवश्यक देखिन्छ ।

९. भारत लगायत तेस्रो मुलुकवाट फर्किएका नागरिकहरुलाई **कोभिड-१९** संक्रमणको संभावित जोखिम न्युनिकरण गर्न स्थापना भएका क्वारेन्टाईन र आईसोलेशन केन्द्रहरु व्यवस्थापन, अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको आपुर्ति तथा व्यवस्थापन, संक्रमित नागरिकहरुको उद्धार, शब व्यवस्थापन, औषधी उपचार, राहत तथा पुर्नस्थापना र संचेतनामूलक कार्य गर्न विशेष प्राथमिकताका साथ बजेटको व्यवस्था गरेकी छु ।

१०. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको प्रभावकारी रुपमा परिचालन गरी  बन तथा वातावरणको संरक्षण गर्दै पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, एकीकृत शहरी विकास, उद्योग व्यापार लगायत विभिन्न क्षेत्रको संन्तुलित विकासलाई एकैसाथ समानान्तर रुपमा अधि वढाउनु अहिलेको प्राथमिकता र आवश्यकता देखिएको छ ।

११.बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरुलाई आत्मसाथ गर्दै **स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)** को अनुशरण गर्दै आ.व.२०७७/०७८ को यो बजेटको खाका तयार गरिएको छ । नेपालको संविधान र **स्थानिय सरकार सञ्चालन ऐन, २०७४** मा उल्लेखित राज्यका मार्ग निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानमा लिपिवद्ध मौलिक हकहरु, पन्ध्रौं राष्ट्रिय योजनाका प्राथमिकताहरु, प्रदेश सरकारको प्रथम आवाधिक योजनाका प्राथमिकताहरु, दिगो विकासका लक्ष्य तथा नेपाल सरकार र प्रदेश सरकारको आ.व. २०७७/०७८ को नीति, मार्ग दर्शन र बजेट नीतिलाई समेत आधार मानी स्थानीय आवश्यकता र जनचाहाना अनुरुप सहभागितात्मक तथा पारदर्शी पद्धतिबाट यो बजेट तर्जुमा गरिएको छ ।

**१२. आ. व. २०७७/०७८ को यस बजेटका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् ।**

- क्रमागत योजनाहरुलाई पहिलो प्राथमिकता प्रदान गर्ने ।
- कोभिड-१९ को संक्रमण र रोकथामका कार्यहरु गर्ने ।
- भारत लगायत तेस्रो मुलुकबाट फर्किएका युवाहरुलाई रोजगारी तथा स्वरोजगारीको श्रृजना गर्ने
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
- कोहलपुर नगरको पहिचान स्थापित हुने खालका तथा गौरबका योजनाहरु सञ्चालन गर्ने
- नगरपालिकाका सवै वडाहरुमा स्तरीय सडकमार्गको विस्तार गर्ने
- पर्यटन पुर्वाधारको विकास र प्रवर्धन गर्ने
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाको अधिवृद्धि गर्ने
- आधुनिक र व्यवस्थित सहरीकरण गर्ने
- सक्षम र सुदृढ स्थानीय सुशासन तथा सेवा प्रवाहको विकास गर्ने

**१३. आ व २०७७/०७८ को यस बजेटका प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन् ।**

१. **कोरोना भाईरस (कोभिड-१९)** को महामारीका कारण रोजगारी गुमाएर भारत लगायत तेस्रो मुलुकवाट फर्किएका नागरीकहरुका लागि रोजगारी सृजना गर्ने ।

२. **कोरोना भाईरस (कोभिड-१९)** संक्रमणको रोकथाम तथा नियन्त्रण गर्न क्वारेन्टाईन र आईसोलेशन केन्द्रको व्यवस्थापन, प्रभावित नागरिकहरुको उपचार र परिक्षणको आवश्यक प्रवन्ध गर्ने ।

३. **कोरोना भाईरस (कोभिड-१९)**को नियन्त्रणका लागि अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको आपुर्ति गर्ने

४. **कोरोना भाईरस (कोभिड-१९)** बाट संक्रमित नागरिकहरुको उद्धार, शब व्यवस्थापन, औषधी उपचार, राहत तथा पुर्नस्थापना र संचेतनामूलक कार्य गर्ने ।

५. आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने ।

६. उत्पादनमूलक तथा छिटो प्रतिफल दिने र राजस्व परिचालनमा योगदान पुर्‍याउने ।

७. स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिबृद्धि गर्ने ।

८. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने ।

९. दिगो विकास लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने ।

१०. सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने ।

**आदरणीय सभाध्यक्ष ज्यु ,**

अव म गत आ.व. २०७५/०७६ को यर्थात आय व्यय, आ.व.२०७६/०७७ को संशोधित आय व्यय र आ.व. २०७७/०७८ को अनुमानित आय-व्यय बजेट प्रस्तुत गर्न चाहन्छु ।

१४. आ. व. २०७५/०७६ मा राजस्वको लक्ष्य रु.६,४७,००,०००।-(छ करोड सरचालिस लाख) मा चालु आ.व.को अषाढ मसान्त सम्म राजस्व संकलन रु.५,४३,९४,४२७।-(पाँच करोड उन्नान चालिस लाख चौरानब्बे हजार चारसय सत्ताईस रुपैंया मात्र) हुने संसोधित अनुमान रहेकोछ । यो रकम कुल लक्ष्यको ८४ प्रतिशत रहने आंकलन गरिएको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू ,**

१५. आ.व. २०७७/०७८ मा कोहलपुर नगरपालिकामा तपशिलमा उल्लेखित श्रोतहरुबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउदछु । जसको संक्षिप्त विवरण निम्नानूसार रहेको छ ।

**क)आन्तरिक राजस्व बाट** : रु ८,३९,७८,८४२।- (आठ करोड उनान्चालिस हजार आठसय बयालीस रुपैंया मात्र)

**ख) संघीय सरकार बाट प्राप्त हुने अनुदान रकम**

१. सशर्त अनुदान तर्फ रु.२९,७३,००,०००।- (उन्तिस करोड त्रिहत्तर लाख),

२. वित्तिय समानीकरण अनुदान तर्फ रु.१८,६९,००,०००।- (अठार करोड उन्नान् सत्तरी लाख)

३. संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रु.१२,३१,९६,५१०।- (बारह करोड एकतिस लाख छ्यानब्बे हजार पाँच सय दश रुपैंया मात्र )

४ समपुर अनुदान रु.१,१५,००,०००।- (एक करोड पन्ध्र लाख)

५. बिशेष अनुदान रु.३,७५,००,०००।-(तिन करोड पचहत्तर लाख)

---

**जम्मा रु. ६५,६३,९६,५१०।- (पैंसट्टी करोड त्रिसट्टी लाख छ्यानब्बे हजार पाँचसय दश रुपैया)**

**ग) ५ नं. प्रदेश सरकार बाट प्राप्त हुने अनुदान**

१. सशर्त अनुदान तर्फ रु.४,७८,५०,०००।- (चार करोड अठहत्तर लाख पचास हजार)

२. वित्तीय समानीकरण अनुदान तर्फ रु.६०,८९,०००।- (साठी लाख उन्नानब्बे हजार )

३. राजश्व बाँडफाँड बाट रु.१,६३,७५,०००।- (एक करोड त्रिसट्टी लाख पचहत्तर हजार)

४. मालपोत रजिष्ट्रेशन शुल्क रु.८,००,००,०००।- (आठ करोड)

**जम्मा रु. १५,०३,१४,०००।- (पन्ध्र करोड तिन लाख चौध हजार रुपैंया)**

घ) जिल्ला समन्वय समिति बाँकेवाट अनुदान रु.४,१८,६७,९७४।- (अक्षेरुपी चारकरोड अठारलाख सत्तसट्टी हजार नौसय चौहत्तर मात्र)

ङ) संचित कोषमा मौज्दात हुने अनुमान रु.११,००,००,०००।- (एघार करोड )

**कुल जम्मा रु.१,०४,२५,५७,३२६।-** (एक अरब चार करोड पच्चिस लाख सन्ताउन्न हजार तिनसय छब्बिस रुपैंया) आय हुने लक्ष्य प्रस्ताव गरेकी छु ।

**जसको विस्तृत विवरण अनुसूची २ मा राखिएको छ ।**

१६. संघिय सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु.२९,७३,००,०००।- (उन्तिस करोड त्रिहत्तर लाख) र ५ नं. प्रदेश सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु. रु.४,७८,५०,०००।- (चार करोड अठहत्तर लाख पचास हजार) लाई बजेटमा कार्यक्रम, क्रियाकलाप तथा रकम नै तोकी पठाएकाले जे जस्तो अवस्थामा नगरपालिकालाई बजेट तथा कार्यक्रम प्राप्त भएको छ, सोही अनुसार नै यस बजेट तथा कार्यक्रम समावेश गरिएको छ ।

१७. माथि प्रस्तुत आय विवरण वमोजिमको कुल बजेट **रु.१,०४,२५,५७,३२६।-**(एक अरब चार करोड पच्चिस लाख सन्ताउन्न हजार तिनसय छब्बिस रुपैंया) मध्ये **निर्शत तर्फको** बजेट रकम **रु.६४,८४,०७,३२६।-(चौसट्टी करोड चौरासी लाख सात हजार तिनसय छब्बिस रुपैंया मात्र)** लाई निम्न वमोजिमको क्षेत्रहरुमा प्रस्तावित बजेट पेश गरेकीछु ।

**तपसिल :**

१. पुर्वाधार विकास तर्फ रु.३५,२४,८३,३०६।- (पैंतिस करोड चौबिस लाख त्रियासी हजार छ सय छ रुपैंपा)

२. सामाजिक विकास विकास तर्फ रु.६,४७,१०,०२०।- (छ करोड सरचालिस लाख दश हजार बिस रुपैंया मात्र)

३. आर्थिक विकास तर्फ रु.३,६६,६४,०००।- (तिन करोड छैसट्टी लाख चौसट्टी हजार रुपैंया मात्र)

४. वातावरण तथा विपद् व्यवस्थापन रु.१,७१,००,०००।-(एक करोड एकहत्तर लाख रुपैंया मात्र)

५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रु.२,०१,५०,०००।-( दुई करोड एकलाख पचास हजार रुपैंया मात्र)

६. कार्यालय संचालन तथा प्रशासनिक खर्च रु.१५,७३,००,०००।-(पन्ध्र करोड त्रिहत्तर लाख रुपैंया मात्र )

**कुल जम्मा रु.६४,८४,०७,३२६।-**(चौसट्टी करोड चौरासी लाख सात हजार तिनसय छब्बिस रुपैंया)

१८. नगरपालिकाको नगर गौरवका कार्यक्रम अर्न्तगत शुरु भएका सबै योजनाहरुका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यसका साथै सवै गाउँ बस्ती तथा टोलहरुमा सडक पुग्नेगरी आवश्यक बजेट प्रस्ताव गरेकी छु ।

१९. पुर्वाधार विकास तर्फ एक जगेडा समपुरक कोषका लागि **रु.४ करोड ५०** लाख प्रस्ताव गरेकी छु । नेपाल सरकार वा अन्य विकास साझेदार स्वदेशी तथा विदेशी संघ संस्थाबाट साझेदारीमा विकासका प्रस्ताव प्राप्त भएमा यस कोषबाट रकम खर्च गरी विकास कार्यक्रम सञ्चालन गरिनेछ । विकासमा

जनताको साझेदारी विकास गरी तिब्र एवं द्रुत गतिमा विकास गर्ने उदेश्यका लागि यस वर्ष लागत साझेदारी कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेकी छु ।

२०. **कोभिड-१९ संक्रमणको** संभावित जोखिम न्युनिकरणका लागि स्थापना भएका क्वारेन्टाईन र आईसोलेशन केन्द्र निर्माण, उपचार र परिक्षणको आवश्यक प्रवन्ध गर्न, अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको आपुर्ति तथा व्यवस्थापन गर्नका लागि रु.२,३०,००,०००।- बजेटको व्यवस्था गरेकी छु ।

२१. भारत लगायत तेस्रो मुलुकवाट रोजगारी गुमाएर फर्कियका नागरिकहरुका लागि तत्काल रोजगारीका अवसरहरु सृजना गर्न कृषि र पशुपालनको क्षेत्रमा आवश्यक रकम विनियोजन गरेकी छु ।

२२. लामो समय देखि बसोवास गरिरहेका अब्यवस्थित, सुकुम्बासी तथा भुमिहिनहरुलाई **भूमि सम्बन्धि समस्या समाधान आयोग** को समन्वयमा **लालपुर्जा** वितरण गर्नका लागि आवश्यक पर्ने सेटलाईज ईमेज, तथ्याङ्क संकलन, जग्गाको क्षेत्रफल एकिन गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति परिचालन र आवश्यक उपकरण खरिद सहितका व्यवस्थापकिय कार्य गर्न आवश्यक बजेट प्रस्ताव गरेकी छु ।

२३. सवै क्षेत्रको सन्तुलित विकास होस भन्ने हेतुले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकूद, संस्कृति, पर्यटन लगाएतका सवै क्षेत्रको विकासका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरिएको छ ।

२४. समाजमा उपेक्षित र उत्पीडित अवस्थामा रहेका तथा लक्षित वर्गहरु महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुश्लिम, जेष्ठ नागरिक, अपाङ्ग लगायतको सशक्तीकरण र मुलप्रवाहीकरण का लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२५. **कोभिड-१९** का कारणले आएको विषम आर्थिक संकटलाई मध्य नजर गर्दै सबै प्रकार बैठक भत्ता, प्रोत्साहन भत्ता र सुविधाहरुलाई कटौती गरी आर्थिक मितव्यीता अवलम्बन गर्न प्रस्ताव गरेकी छु ।

२६. राज्यको चौथो अंग संचार जगतको उच्च सम्मान गर्दै यस वर्ष कोहलपुरमा **संचार ग्रामको निर्माणका** लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२७. वातावरण तथा विपद् व्यवस्थापन, उद्धार तथा राहतका लागी आवश्यक रकम विनियोजन गर्नुका साथै बाढी तथा प्राकृतिक प्रकोपबाट हुने कटान नियन्त्रणका लागि तटबन्ध निर्माण गर्न आवश्यक बजेट प्रस्ताव गरेकी छु । वातावरण संरक्षण, भू संरक्षण र हरियाली प्रवर्द्धनका माध्यमबाट शहरी सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले वृक्षारोपन, बन विकास, पार्क निर्माण, नर्सरी व्यवस्थापन लगायतका कार्यका लागि रकम विनियोजन गरिएको छ ।

२८. जनताको प्रत्यक्ष सरोकारसँग सम्वन्ध राख्ने विषय जनताहरुलाई वडा कार्यालय तथा कार्यालयबाट दिइने सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न, कार्यालय निर्माण तथा वडा कार्यालयहरुको मर्मत सुधार, कार्यालय फर्निचर, मेसिनरी औजार, उपकरण, सवारी साधन र अन्य भौतिक सामाग्रीहरु समेतको पर्याप्त व्यवस्था गर्न लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२९. समग्र नगरको **मुहार फेर्ने आयोजना (गेम चेन्जर प्रोजेक्ट)** चप्परगौडी घुईयावारी अन्तरप्रदेश सडक, कर्भड हल, अर्न्तराष्ट्रिय क्रिकेट मैदान, भ्युटावर तथा घण्टाघर, सिटिहल, लामो दुरीको बसपार्क, रिङ्ग रोड, आधुनिक बधशाला, वाल अस्पताल, २५ शैयाको अस्पताल, बिद्युतिय सबदाह गृह र फोहोरमैला तथा

दिशाजन्य लेदो पदार्थ प्रशोधन केन्द्र निर्माण कार्य समयमा सञ्चालन तथा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

३०. **कोभिड-१९ संक्रमण** नियन्त्रण गर्न नेपाल सरकारले घोषणा गरेको वन्दावन्दीका कारणवाट भएको व्यापार व्यवसायको मन्दीलाई मध्यनजर गर्दै व्यवसाय करमा ३० प्रतिशत छुटका लागि प्रस्ताव गरेकी छु ।

३१. नगरक्षेत्रमा उद्योगी व्यवसायीहरुको आवश्यक सुरक्षा प्रबन्ध गर्न सिसिटिभि जडान, प्रहरी बिट स्थापना र नियमित सुरक्षा गस्तीको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३२. आन्तरिक श्रोत परिचालन मार्फत आन्तरिक आय बृद्धि गर्न राजस्व संकलन कार्यलाई प्रभावकारी बनाउन करदाता शिक्षा, करदाता सम्मान लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । यसै आ.व.वाट अनलाईन विलिङ्ग प्रणालीको शुरुवात गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

३३. बजेट तर्जुमा सँगसँगै यसको कार्यान्वयन अर्को महत्वपुर्ण पाटो हो । लक्षित कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा सञ्चालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सवैमा म हार्दिक अनुरोध गर्दछु ।

**धन्यबाद ।**

सञ्जु कुमारी चौधरी
(नगर उपप्रमुख)
कोहलपुर नगरपालिका

# अनुसूची-०१

## आ.व.२०७५/७६ को यर्थात आय-व्यय विवरण

| सि.न. | आय तर्फ | | सि.नं. | व्यय तर्फ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम | |
| **१** | **गत वर्षको जिम्मेवारी** | | १ | चालु खर्च | ४५,८८,९६,१२७।५० | |
| | क) नगद | - | २ | पूँजीगत खर्च | २३,०१,३८,२५७।- | |
| | ख) बैंक | ८,९७,५३,१७७।९५ | ३ | धरौटी फिर्ता | ५६,५२,५२८।- | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **४** | **मौज्दात** | | |
| | क) आन्तरिक राजस्व | ५,०१,२४,७०३।५७ | | नगद मौज्दात | - | |
| | ख) राजस्व बाँडफाँड | ९,५९,८६,४३९।५२ | | बैंक मौज्दात | ११,७१,२३,२४९।७८ | |
| | ग) अन्य आय | १,५२,५३,५९७।६७ | | धरौटी मौज्दात | ७३,२७,२१०।- | |
| **३** | **वित्तिय हस्तान्तरण** | | | कोष मौज्दात | ८२,८०,०७६।८६ | |
| | क)वित्तिय समानीकरण अनुदान | १८,३५,००,०००।- | **५** | **खर्च गर्न बाँकी रकम फिर्ता** | | |
| | ख) सर्शत अनुदान | २५,६८,८८,०००।- | | आ.व.२०७४/०७५ खर्च गर्न बाँकि फिर्ता | २,९४,०२,०००।- | |
| | ग) समपूरक अनुदान | २,६०,००,०००।- | | आ.व. २०७५/०७६ खर्च गर्न बाँकी | ७,२८,०८,०८४।६४ | |
| | घ) विशेष अनुदान | ३,१४,६६,०००।- | | | | |
| | ङ) सडक बोर्ड | ४०,००,०००।- | | | | |
| **४** | **सामाजिक सुरक्षा** | ८,५५,६१,०००।- | | | | |
| **५** | **प्रदेश सरकारबाट प्राप्त** | | | | | |
| | क) वित्तिय समानीकरण | ५२,५४,००,०००।- | | | | |
| | ख) सर्शत अनुदान | ७,५०,००,०००।- | | | | |
| | ग) राजस्व बाँडफाँड | ५८,७८,१७२।८१ | | | | |
| **६** | **अन्य कोष तर्फको आय** | | | | | |
| | क) विभिन्न कोष तर्फको | ८२,८०,०७६।८६ | | | | |
| | ख) धरौटी आय | १,२९,७९,७३८।- | | | | |
| | **जम्मा** | **९२,९६,२७,५३३।७८** | | **जम्मा** | **९२,९६,२७,५३३।७८** | |

कोहलपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय,बाँके**

अनुसूची-०२

# आय तथा व्ययको प्रक्षेपण

आ.व. : २०७७/७८

रु. हजारमा

| शीर्षक | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को संशोधित अनुमान | आ.व. २०७७/७८ को अनुमान |
|---|---|---|---|
| **राजस्व** | **१५१,९८९,३१४.५७** | **२१६,६६७,९६८.३२** | **९,३२,५५७** |
| **आन्तरिक श्रोत** | **५०,१२४,७०३.५७** | **५४,३९४,४२७.४०** | **२,३५,८४६** |
| ११३११ व्यक्तिगत सम्पतिमा लाग्ने कर | २००.०० | ५०.०० | ० |
| ११३१३ एकीकृत सम्पती कर | १७,११८,६९१.४३ | १६,०७३,०७३.९० | १५,००० |
| ११३१४ भुमिकर/मालपोत | ६,८६२,९१८.८१ | १७,९५९,६२०.२० | १५,००० |
| ११३२१ घरवहाल कर | ३,१६१,९५१.५२ | ४,९५२,४३७.०० | ६,५०० |
| ११३२२ वहाल विटौरी कर | ३,१४९,५४१.४० | ९६२,०६५.३० | ६,५०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | - | - | २५० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | - | १५० |
| ११४७९ अन्य मनोरञ्जन कर | १२,०००.०० | - | १०० |
| ११४७२ विज्ञापन कर | १६,५००.०० | १३,६००.०० | |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | - | - | ४१,८६७ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | - | - | २५० |
| १४११९अन्य निकाय प्राप्त हुने ब्याँज प्राप्त रकम | ३३०.०० | ११,१८८.०० | |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ९७६,१५५.०० | ३४९,३६७.०० | २५० |
| १४२९अन्य सेवा शुल्क | ८२२,५१७.०० | १२,११५.०० | |
| १४२४१ पार्किङ्ग शुल्क | ७,९६०.०० | - | |
| १४२४२ नक्सापास दस्तुर | ७,६००,१३१.४१ | ७,५२८,२७९.७० | १२,५०० |
| १४२४३ सिफारिश दस्तुर | ६,१९८,२९८.०० | २,५२१,३१०.८० | ७,५०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | - | ५,३१५.०० | ४५० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३१३,२५०.०० | ५४,५०५.०० | १७८ |
| १४२४९ अन्य दस्तुर | ८११,९९३.०० | १,०४३,९९६.८० | २,००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,०८०,५१५.०० | २,६०१,८७७.०० | ७,५०० |

| | | | |
|---|---|---|---|
| १४२६५ अन्य क्षेत्रको आय | - | - | ३,००० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | - | - | ५० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ८४,७५१.०० | १०६,९०१.७० | ५०० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | - | - | १०० |
| १४५२९ अन्य राजस्व | १०७,०००.०० | १९८,७२५.०० | ६,२०० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **१०१,८६४,६११.०** | **१६२,२७३,५४०.९** | **२,१९,५७१** |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर [राजस्व बाँडफाँड -प्रदेश सरकार ] | ० | ६६,००२,६२७.४ | ८०,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ९५,९८६,४३९.० | ९५,६४७,२४९.३ | १,२३,१९६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | ५,८७८,१७२.० | ६२३,६६४.२ | १६,३७५ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५१०,६०८,०००.०** | **६०६,१३३,१००.०** | **५,८७,१३९** |
| **संघीय सरकार** | **४९७,८५४,०००.०** | **४९५,०९८,१००.०** | **५,३३,२००** |
| १३३११ समानिकरण अनुदान | १८३,५००,०००.० | १९१,५००,०००.० | १,८६,९०० |
| १३३१२ शसर्त अनुदान चालु | २५६,८८८,०००.० | २७४,९३१,०००.० | २,९७,३०० |
| १३३१४ विषेश अनुदान चालु | ३१,४६६,०००.० | १५,३६७,१००.० | ३७,५०० |
| १३३१६ समपुरक अनुदान चालु | २६,०००,०००.० | १३,३००,०००.० | ११,५०० |
| **प्रदेश सरकार** | **१२,७५४,०००.०** | **१११,०३५,०००.०** | **५३,९३९** |
| १३३११ समानिकरण अनुदान | ५,२५४,०००.० | ५,१४२,०००.० | ६,०८९ |
| १३३१२ शसर्त अनुदान चालु | ७,५००,०००.० | ८१,०००,०००.० | ४७,८५० |
| १३३१४ विषेश अनुदान चालु | ० | ६,९३७,०००.० | |
| १३३१६ समपुरक अनुदान चालु | ० | १७,९५६,०००.० | |
| **वित्तीय व्यवस्था (प्राप्ति)** | ० | ० | ० |
| **अन्य आय** | ० | ० | ० |
| **जनसहभागिता** | ० | ० | ० |
| **व्यय** | | | |
| **चालु खर्च** | **१७९,४३७,२८९.१०** | **४६८,५९८,८२८.४०** | **५,४०,१६३** |
| २१११९ पारिश्रमिक कर्मचारी | १००,९६७,७५५.१० | १७५,२०९,०४१.० | १,९४,४१३ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ७,३१५,४२०.०० | १८,२७०,०००.० | |
| २११२१ पोशाक | ७,३१५,४२०.० | २,३५०,०००.० | १,६२० |
| २११३२ महंगी भत्ता | २७०,०००.० | १,९९३,४०८.० | २,५०० |
| २११३३ फिल्ड भत्ता | - | ५४८,७९६.० | |

| | | | |
|---|---|---|---|
| २११३४ कर्मचारीको बैठक भत्ता | - | १३०,०००.० | |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | - | ५,४८६,०००.० | ५,१२५ |
| २११३९ अन्य भत्ता | - | १,९०३,९५०.० | ८,७३४ |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३९७,९६६.० | ३,९९२,०५१.० | २०५ |
| २११४२ पदाधिकारी अन्य सुबिधा | - | - | २३,००० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | - | १,०००,०००.०० | १,००० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ३,२३५,४८४.० | १,०००,०००.० | १,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | ५०८,६००.० | १,०००,०००.० | १,००० |
| २२१११ पानी तथा बिजुली | ४,४६४,०००.० | ९८४,३२७.० | २,०५० |
| २२११२ संचार महसुल | ५,८३५,८७०.० | १,४२२,७१९.० | १,५५७ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | - | २,५००,०००.० | ३,१०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | - | १,६७६,२८३.० | २,०३७ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | - | ३६२,२७०.० | ४०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,०००,०००.० | १४२,००३.० | २,११० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ६३७,७०१.० | ९७५,९९०.० | १,००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४७१,९२१.० | १२,७४०,५०४.० | १२,६२८ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | २४०,८०४.० | १४३,३८०.० | ८,२३९ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ८७४,७९१.० | ८६७,३७७.० | ५०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५३३,८१४.० | ४,६२९,५६३.० | ५,७७३ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ४८,५६१.० | १३३,०००.० | १४,७१६ |
| २२४११ सेवा र परामर्श खर्च | ९४९,९१५.० | १७,९६३,५१२.० | ७,५८३ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २८,५४७.० | २,५७६,३३५.० | २,७२६ |
| २२४१३ करार सेवा शुल्क | २,१३७,०३३.० | १७,१००,४५७.० | १५,४०० |
| २२४१४ सरसफाईसेवा शुल्क | - | ४९८,२७५.० | १,००० |
| २२४१९ अन्य सेवा शुल्क | ६८,०००.० | १,५६४,९३६.० | ५,००० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,४००,०००.० | १,१८०,२५५.० | ४,३८७ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | - | २६,९३२.० | ० |

| | | | |
|---|---|---|---|
| २२५२२ कार्यक्रम खर्च | ५००,०००.० | ६४,९०८,४५४.० | ४५,१५२ |
| २२५२९ विविध कार्यक्रम खर्च | ६४२,९९०.० | २०,४७६,१४१.० | ९९,३६९ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४९५,९७७.० | २,७७२,५६९.० | ४,३८५ |
| २२६१२ भ्रमण खर्च | ३,८९८,०४०.० | २८६,४००.० | ६५० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २७०,४५५.० | ४००,०००.० | ५०० |
| २२६१९ अन्य भ्रमण खर्च | - | ६१७,४७८.० | ० |
| २२७११ विविध खर्च | १९५,८७४.० | ४,१९०,२१६.४ | २३,६५१ |
| २२७२१ सभा सञ्चालन खर्च | ७६९,९५२.० | ५९६,८२८.० | ५२३ |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १,१३७,५१३.० | ४४,९०४,५५४.० | १२,४६३ |
| २५३१३ उपभेक्ता समिति तथा गैर सरकारी संस्था सहायता | - | ६०३,०००.० | ० |
| २६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरुलाई निःशर्त चालु अनुदान | - | १९,७१३,९६२.० | १२,४६३ |
| २७११२ अन्य सामाजिक सुरक्षा | - | १,६००,०००.० | ० |
| २७२११ छात्रवृत्ति | २२,५४१,२३८.० | २,८३३,०००.० | २,८९९ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १४,१२८,४५८.० | १८,६००,०००.० | १,१५० |
| २७२१३ औषधी खरिद खर्च | ७९८,२५०.० | १,३७७,९३७.० | १०,३१५ |
| २७२१९ अन्य सामाजिक सहायता | ६००,०००.० | १,७५४,५४०.० | २,५०० |
| २८१४२ घरभाडा | ३१,४००.० | २,१४४,५९०.० | २,५०० |
| २८१४३ सवारी साधन तथा मेशिनरी औजार भाडा | ४०,९६०.० | १३१,०००.० | ८०० |
| २८१४९ अन्य भाडा | | २९१,७९५.० | १,००० |
| २८९११ भैपरी आउने चालु खर्च | | २५,०००.० | ३,००० |
| **पुँजीगत खर्च** | **२२३,९८९,९८०.००** | **२९५,८०१,४९८.००** | **५,०२,३९३** |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | ४,५८०,१४१.० | ७,०१४,९००.० | ० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ४,५८०,१४१.० | ४०,४२९,४१६.० | ४३,३२५ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३,०००,०००.० | ३,७४१,७२५.० | ६४५ |
| ३१११४ जग्गा विकास कार्य | ५,३६३,३००.० | - | ४,५०० |
| ३११२१ सवारी साधन | ५,४४५,५६९.० | १,४९३,७००.० | ९,९५० |
| ३११२२ मेशिनरी तथा औजार | २,९४४,४३४.० | ३,९२७,९५३.० | ७,५४४ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १४३,२१७,९२९.० | ४,९१४,७०९.० | ३,०९४ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १०,८४४,६९३.० | १४,०१९,६२३.० | ९,८५० |

| | | | |
|---|---|---|---|
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ६,९३३,८८०.० | ३,२४०,२५०.० | ३,८०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण | - | ६,७००,०००.० | ० |
| ३११५१ सडक तथा पूल निर्माण | - | ८३,४३६,६३१.० | १,२३,९७५ |
| ३११५३ विद्युत संरचना निर्माण | २,३४८,८१६.० | ४००,०००.० | ३,०३८ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | - | १,८००,०००.० | ६,५०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ३५,६८६,२१४.० | २,३०५,८६४.० | ४,०७९ |
| ३११५६ खानेपानी संरचना निर्माण | ४५८,८७२.० | ८,३९९,७२६.० | १४,६८६ |
| ३११५७ वन तथा वातावरण संरक्षण | - | - | ११,८२६ |
| ३११५८ सरसफाई संरचना निर्माण | १,०१६,०८२.० | १७,९४६,६७०.० | २९,६४८ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ७००,०००.० | ८२,१४२,८४६.०० | २,०३,९५९ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,४५०,०५०.० | ६,२०२,५१३.० | १,९७० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | - | ५८४,९७२.० | २०,००० |
| ३१४११ जग्गाप्राप्ति खर्च | - | ७,१००,०००.० | ० |
| **जम्मा खर्च** | ४०३,४२७,२६९.१० | ७६४,४००,३२६.४० | १०४२५५७.३२६ |
| **बजेट बचत (+)/न्यून (-)** | ११७,१२३,२४९.७८ | ११,०००,०००.० | (१,१०,००० |
| **गत वर्षको नगद मौज्दात** | ११७,१२३,२४९.७८ | ११,०००,०००.० | १,१०,००० |

# अनुसूची-०३

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

### आ.ब. २०७७/०७८

रकम रू. हजारमा

| शीर्षक | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को संशोधित अनुमान | आ.व. २०७७/७८ को अनुमान |
|---|---|---|---|
| **आय** | ६६२,५९७,३१४.६ | ९३२,८०१,०६८.३ | १,०४२,५५७.३३ |
| **राजस्व** | १५१,९८९,३१४.६ | ३२६,६६७,९६८.३० | ४५५४१८३२६. |
| **आन्तरिक श्रोत** | ५०,१२४,७०३.५७ | १६४,३९४,४२७.४० | २२९६४६८१६. |
| व्यक्तिगत सम्पतिमा लाग्ने कर | २००.०० | ५०.० | |
| एकीकृत सम्पती कर | १७,९१८,६९१.४३ | १६,०७३,०७३.९० | १५००० |
| भुमिकरमालपोत/ | ६,८६२,९१८.८१ | १७,९५९,६२०.२० | १५००० |
| घरवहाल कर | ३,१६१,९५१.५२ | ४,९५२,४३७.०० | ६५०० |
| वहाल विटौरी कर | ३,१४९,५४१.४० | ९६२,०६५.३० | ६५०० |
| सवारी साधन कर (साना सवारी) | ० | ० | २५० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० | १५० |
| अन्य मनोरञ्जन कर | १२,०००.०० | ० | १०० |
| बिज्ञापन कर | १६,५००.०० | १३,६००.०० | |
| अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ४१८६७९७४. |
| पार्किङ्ग शुल्क | ७,९६०.० | ० | ० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ० | २५० |
| अन्य निकाय प्राप्त हुने ब्याँज प्राप्त रकम | ३३०.०० | ११,१८८.०० | |
| अन्य बिक्रीबाट प्राप्त रकम | ९७६,१५५.०० | ३४९,३६७.०० | २५० |
| अन्य सेवा शुल्क | ८२२,५१७.०० | १२,११५.०० | |
| नक्सापास दस्तुर | ७,६००,१३१.४१ | ७,५२८,२७९.७० | १२५०० |
| सिफारिश दस्तुर | ६,१९८,२९८.०० | २,५२१,३१०.८० | ७५०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ५,३१५.०० | ४५० |
| नाता प्रमाणित दस्तुर | ३१३,२५०.०० | ५४,५०५.०० | १७८८४२. |
| अन्य दस्तुर | ८११,९९३.०० | १,०४३,९९६.८० | २००० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,०८०,५१५.०० | २,६०१,८७७.०० | ७५०० |
| अन्य क्षेत्रको आय | ० | ० | ३००० |
| न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | ५० |

| | | | |
|---|---|---|---|
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ८४,७५१.०० | १०६,९०१.७० | ५०० |
| प्रदुषण नियन्त्रण शुल्क | ० | ० | १०० |
| बैंक मौज्दात | ० | ११०,०००,०००.०० | ११०००० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **१०१,८६४,६११.०** | **१६२,२७३,५४०.९** | **२१९५७१५१.** |
| घरजग्गा रजिष्टेशन दस्तुर राजस्व बाँडफाँड] [ प्रदेश सरकार - | ० | ६६,००२,६२७.४० | ८०००० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [संघीय सरकार - राजस्व बाँडफाँड] | ९५,९८६,४३९.०० | ९५,६४७,२४९.३० | १२३१९६५१. |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर प्रदेश - राजस्व बाँडफाँड] सरकार [ | ५,८७८,१७२.०० | ६२३,६६४.२० | १६३७५ |
| **अन्य आय** | **१०७,०००.०** | **१९८,७२५.०** | **६२००** |
| अन्य राजस्व | १०७,०००.०० | १९८,७२५.० | ६२०० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५१०,६०८,०००.०** | **६०६,१३३,१००.०** | **५८७१३९** |
| **संघीय सरकार** | **४९७,८५४,०००.०** | **४९५,०९८,१००.०** | **५३३२००** |
| समानिकरण अनुदान | १८३,५००,०००.० | १९१५००००० | ३७५०० |
| शसर्त अनुदान चालु | २५६,८८८,०००.० | २७४९३१००० | २९७३०० |
| विषेश अनुदान चालु | ३१,४६६,०००.० | १५३६७१०० | ११५०० |
| समपुरक अनुदान चालु | २६,०००,०००.० | १३३००००० | १८६९०० |
| **प्रदेश सरकार** | **१२,७५४,०००.०** | **१११,०३५,०००.०** | **५३९३९** |
| समानिकरण अनुदान | ५,२५४,०००.०० | ५,१४२,०००.० | ४७८५० |
| शसर्त अनुदान चालु | ७,५००,०००.०० | ८१,०००,०००.० | ६०८९ |
| विषेश अनुदान चालु | ० | ६,९३७,०००.० | |
| समपुरक अनुदान चालु | ० | १७,९५६,०००.० | |
| **बैदेशिक** | ० | ० | ० |
| **जनसहभागिता** | ० | ० | ० |